

# FACTSHEET

No . 09 June 2023

# कृषकको लागी तथ्य पत्र

नं. ०९ असार २०८०

# सेतो झिंगा (Whitefly)

## परिचय :

सेतोझिंगा (*Bemisia tabaci*) एक बहुभक्षि कीरा हो जसले धेरै बालीहरुलाई आक्रमण गर्दछ । यस कीराले मुख्य रुपमा क्षति गर्ने बालीहरु २० भन्दा बढि छन् जसमध्ये कपास, गोलभेडा, आलु, सखरखण्ड, काउली वर्ग, लहरे बाली (फर्सी, काँक्रो आदि), बोडि, भण्टा, सुर्ती, एभोकाडो, अगुंर, अम्बा, सुर्यमुखि आदि हुन भने यसको आश्रयदाता विरुवाहरु ३५० भन्दा बढि छन् ।

## पहिचान, अनुगमन तथा क्षतिको प्रकार

- » यस कीराको फुल करिब ०.१ देखि ०.२ मि.मि. को हुन्छ । सुरुमा फलको रङ्ग सेतो हुन्छ तर परिपक्व भएपछि हल्का सुन्तलाहुँदै गाढा सुन्तला रङ्गमा परिणत हुन्छ ।
- » यस कीराको लार्भा करिब ०.३ देखि ०.६ मि.मि. को हुन्छ । फुलबाट निस्केको पहिलो अवस्थाको लार्भालाई क्रलर भनिन्छ र यो चलायमान हुन्छ । यो हिडेर तल्लो पातको उपयुक्त सतहमा काचुली फेरेर एकै ठाउँमा बसी निम्फल अवस्था व्यतित गर्दछ ।
- » प्युपाबाट वयस्क निस्कने बित्तिकै पखेटा फिजाउछ र यसको पेटमा भएको ग्रन्थिबाट मैन जस्तो सेतो पदार्थ निकाली पखेटा ढाक्दछ । यसको वयस्क करिब १ मि.मि. लामो हुन्छ ।
- » यस कीराको संख्या प्रति पात ५ देखि १० सम्म भएमा नियन्त्रणका उपायहरु अपनाउनु पर्दछ ।
- » सेतो झिँगाले धेरै भाइरस रोगहरु सार्ने गर्दछ ।
- » संक्रमित बालीहरुमा नशा पँहेलिने, पात पँहेलो हुने, पातको एल्लो ब्लोचिङ्ग, एल्लो मोजाइक भाइरस, लीफ कर्ल, प्लान्ट स्टन्टिङ्ग आदि लक्षणहरु देखिन सक्छ ।

## व्यवस्थापनका उपायहरु

- » झारपात हटाई खनजोत गर्ने । झारपात यस कीराको श्रोत हुन सक्छ ।
- » शिकारी कीराहरु जस्तै जालीदार पखेटा भएको कीरा, स्त्री स्वभावका सात थोप्ले लगायतका कीराहरुले यस सेतो झिंगा कीरालाई आफ्नो आहार बनाउदछ ।
- » यदि प्लास्टिक घर भित्र यस कीराको संख्या धेरै भएमा सबै बिरुवाहरु हटाई कम्तिमा दुई हप्तासम्म खाली राख्ने र बाहिरबाट सेता झिंगा भित्र नर्छिने बन्दोबस्त मिलाउने ।
- » पानीको फोहराले पनि यस कीराको वयस्कलाई झार्न मद्दत गर्छ ।
- » पहेँलो टासिँने पासोको प्रयोग (१२ वटा प्रति हेक्टर) गर्नु पर्दछ ।
- » जैविक विषादी भर्टिसिलियम लेकानी १.१५% डब्लु.पी. ५ ग्राम प्रति लिटर पानीका दरले प्रयोग गर्ने ।
- » एजाडिरेक्टिन ०.०३% इ.सी. ५ मि.लि. प्रति लिटर पानी वा इमिडाक्लोप्रिड १७.८ एस.एल. १ मि.लि. प्रति ४ लिटर पानी वा एसिटामिप्रिड २०% एस.सी. १ ग्राम प्रति ८-१० लिटर पानी वा फ्लोनिक्यामिड ५०% डब्लु.जी. १ ग्राम ३ लिटर पानीमा मिसाइ प्रयोग गर्ने ।



चित्र १: सेता झिंगाको फुलहरु
श्रोत: https://extensionentomology.tamu.edu




चित्र २: वयस्क सेता झिंगा र निम्फ
श्रोत: Michael J. Raupp, Ph.D.



चित्र ३: गोलभेडाको फलमा सेतो झिंगाको वयस्क
श्रोत: सुनिल अर्याल, नार्क



चित्र ४: भन्टाको पातमा सेतो झिंगाको वयस्क
श्रोत: http://ephytia.inra.fr/en/C/5133/Tomato-Whiteflies

नोट: जीवनाशक विषादीको पर्खनु पर्ने अवधिलाई मध्यनजर गरि सुरक्षात्मक उपायहरु अपनाएर मात्र विषादीको प्रयोग गरौं ।


तयारकर्ता:
सिर्जना श्रेष्ठ
बाली संरक्षण अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादन:
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np